आज मिति २०८३ असार ०३ गते दिउँसो ११:३० बजे थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको समुपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | |
| ८ | अनिल कुमार बिष्ट | कार्यपालिका सदस्य | |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर बिष्ट | कार्यपालिका सदस्य | |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | |
| १६ | बिर्ख बहादुर गिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | |
| १८ | माधव प्रसाद जोशी | कार्यपालिका सचिव | |

## मिति २०८३ असार ०३ गतेको गाउँ कार्यपालिका निर्णयहरु

### निर्णय नं. १

२०८३/०२/१९ गते गोरखापत्र राष्ट्रिय दैनिकमा कार्यसम्पादन नगरे ठेक्का किन नतोड्ने सम्बन्धी १५ दिने सूचना प्रकाशित गरेकोमा नमादेउ निर्माण सेवाले (देवल भगवती मन्दिर कार्य) कुनै प्रतिक्रिया नदिएको र कार्य सुचारु पनि नगरेकोले ठेक्का प्रक्रियाको अन्त्य गरी कानूनी प्रक्रियामा अगाडी जाने साथै बानु कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग सोलुसन प्रा.लि. ले (दंगाजी तेडीमाडु सडक निर्माण) सो समय भित्र कार्यतालिका सहित सामाग्री निर्माण स्थलमा पुऱ्याएको तथा स्काभेटर निर्माण स्थल तिर जान लागेको बेहोरा सहितको पत्र प्राप्त भएकोले उक्त निर्माण व्यवसायीले पेश गरेको कार्य तालिका सम्म काम गर्न दिने भन्ने निर्णय गरियो।

### निर्णय नं. २

यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ देखि २०८५/०८६ सम्मको मध्यकालीन खर्च संरचना (Medium Term Expenditure Framework–MTEF) तयार गरी आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेटबीच तादात्म्यता कायम गर्दै उपलब्ध स्रोत—साधनको प्रभावकारी, मितव्ययी तथा नतिजामुखी उपयोग सुनिश्चित गर्न आवश्यक देखिएकाले प्रचलित कानून तथा स्थानीय तहको योजना तथा बजेट तर्जुमा सम्बन्धी व्यवस्था बमोजिम मध्यकालीन्न खर्च संरचना निर्माण गर्नका लागि रु. १,५०,०००।— (अक्षरेपी एक लाख पचास हजार रुपैयाँ मात्र) सम्म खर्च गर्ने निर्णय गरियो।

### निर्णय नं. ३

आर्थिक वर्ष २०८३/०८४ का लागि राजस्व परामर्श समितिले पेश गरेको राजस्व सम्बन्धी प्रतिवेदन माथि छलफल गर्दा गाउँपालिकाको आन्तरिक आयका स्रोतहरूको पहिचान, राजस्वको दायरा विस्तार, कर तथा गैरकर राजस्वको प्रभावकारी संकलन, राजस्व चुहावट नियन्त्रण तथा राजस्व प्रशासनलाई व्यवस्थित गर्न प्रतिवेदनमा उल्लेखित सुझाव तथा सिफारिसहरू कार्यान्वयन गर्न उपयुक्त देखिएकोले उक्त राजस्व परामर्श समितिको प्रतिवेदन स्वीकृत गरी सोही प्रतिवेदनका आधारमा आर्थिक वर्ष २०८३/०८४ को राजस्व सम्बन्धी नीति, कर तथा गैरकर राजस्वका दर र दायरा निर्धारण गरी आर्थिक ऐनमा समावेश गर्न गाउँ सभामा पेश गर्ने निर्णय गरियो।